बेलबारी नगरपालिका

१ नं. प्रदेश, मोरङ

# बेलबारी नगरपालिकाको राजपत्र

बेलबारी नगरपालिकाबाट प्रकाशित

खण्डः२ संख्याः९ सम्वत् २०७६ चैत्र०३ गते

## भाग १

## बेलबारी नगरपालिका

न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७६(प्रथम संशोधन)

बेलबारी नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ लाई संशोधन गर्न आवश्यक भएकोलेपाँचौनगर सभाले यो ऐन पारित गरि सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

ऐन नं. ९

# बेलबारी नगरपालिका

न्यायिक समिति (कार्यविधि) सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७६

प्रथम संशोधन/प्रमाणिकरण मितिः २०७६।१२।०३

| **साविकमा भएको व्यवस्था** | **संसोधन हुनु पर्ने/थपहुनु पर्ने** | **आधार/कारण** |
|---|---|---|
| दफा ५६.<br>**मेल मिलाप गराउन सक्नेः**<br>(१) समितिले प्रचलित कानुन बमोजिम मिलापत्र गर्न मिल्ने उजुरीमा पक्षहरु बीच मेलमिलाप गराउन सकिनेछ ।<br><br>**दफा ३.**<br>उपदफा २ बमोजिम निवेदन दिएमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त हुने देखिएमा समितिले त्यस्तो उजुरी मेलमिलापको माध्यमबाट | उपदफा १ (क)<br>उपदफा १ बमोजिम मिलापत्र गराउने प्रयोजनार्थ नगरमा एक र प्रत्येक वडामा एक/एक मेलमिलाप केन्द्र गठन गर्न सकिनेछ ।<br><br>उपदफा १(ख) उपदफा १(क) बमोजिमको मेलमिलाप केन्द्रमा दफा ६१ बमोजिम योग्यता पुगेका व्याक्तिहरु मध्येबाट नगर मेलमिलाप केन्द्रमा कम्तिमा तिनजना महिला सहित सातजना सदस्य र वडा मेलमिलाप | दफा स्पष्ट गरि कार्य गर्न आवश्यक भएकोले |

| | | |
|---|---|---|
| निरोपण गर्न लेखी पठाउनु पर्नेछ । | केन्द्रमा कम्तिमा एक जना महिला सहित तिनजना सदस्य रहने गरी मेल मिलाप कर्ता छनौट गरी कार्यपालिकाबाट अनुमोदन पश्चात मान्यता प्राप्त संस्थाबाट तालिम प्रदान गरी सुचिकृत गरिनेछ । उक्त सुचिकृत मेलमिलापकर्ता मध्ये पक्षहरुले छनौट गरेका मेलमिलाप कर्ताबाट सहजीकरण गरी विवादको निरोपण गर्नु पर्नेछ ।<br>दफा ३ उपदफा (२) बमोजिम निवेदन दिएमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त हुने देखिएमा समितिले त्यस्तो उजुरी सम्बन्धित मेलमिलाप केन्द्रमा मेलमिलापको माध्यमबाट मिलापत्र गराउन लेखी पठाउनु पर्नेछ । | |
| **दफा ६१ मेलमिलाप कर्ताको सुचीतयार गर्नेः** (१)समितिले मेलमिलापको कार्य गराउनका लागी देहाय | **दफा ६१ मेलमिलापकर्ताको सुचीतयार गर्नेः**<br>(१) नगर स्तरीय मेलमिलाप केन्द्रमा मेलमिलापको कार्य | दफामा स्पष्ट गर्न आवश्यक भएकोले |

| | | |
|---|---|---|
| बमोजिमका योग्यता पुगेको व्यक्तिहरुको विवण खुलाई सम्भावित मेलमिलापकर्ताको सुचीतयार गर्नेछ: | गराउनका लागी समितिले र वडास्तरीय मेलमिलाप केन्द्रमा मेलमिलापको कार्य गराउनका लागी वडा समितिले देहाय बमोजिमका योग्यता पुगेका व्यक्तिहरुको विवरण खुलाई सम्भावित मेलमिलाप कर्ताको सुची तयार गर्नेछ । | |
| क) कम्तिमा माध्यमिक तह उर्तिण गरेका<br>ख) राजनितिमा सक्रिय नरहेको<br>ग) स्थानिय स्तरमा समाजसेवीको रुपमापहिचानबनेको<br>घ) मेलमिलापकर्ताको ४८ घण्टाको तालिमलिई मेलमिलापको कार्य गर्दै आएको<br>ङ) २५ बर्ष उमेर पुरा भएको<br>च) माथी योग्यतामा जुनसुकै कुरा लेखिएको भएपनि तामिल लिई लिई हाल काम गरिरहेको हकमा निजलाई निरन्तरता दिन सकिनेछ ।<br>(२) मेलमिलाप कर्ताको सुची | क) स्थानीय स्तरमा समाज सेवीको रुपमा पहिचान बनेको<br>ख) मेलमिलापकर्ताको तालिम लिई मेलमिलापको कार्य गर्दै आएको<br>ग) २१ बर्ष उमेर पुरा भएको<br>घ) माथी योग्यतामा जुनसुकै कुरा लेखिएको भएपनि सम्बन्धित वडामा हाल तालिमलिई सकेका मेलमिलाप कर्ताहरु भए उक्त वडाको हकमा मिलमिलापकर्ता छनौट गर्दा निजलाई प्राथमिकता दिन | |

| | | |
|---|---|---|
| तयार गरी सकेपछि समितिले सुची कार्यपालिका समक्ष पेश गरी अनुमोदन गराउनु पर्नेछ ।<br>(३) उपदफा २ बमोजिम सुची अनुमोदन भएपछि समितिले सार्वजानिकजानकारीका लागी सुचना प्रकासन गर्नु पर्नेछ । तथा मेलमिलापका लागी पठाउँदा प्रत्येक पक्षलाई सो सुची उपलब्ध गराउनु पर्नेछ । | सकिनेछ ।<br>(२) **नगर स्तरीय मेलमिलाप कर्ताको छनौटः**<br>नगर स्तरीय मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनौट गर्ने प्रयोजनार्थ नगरभित्र मेलमिलापकर्ता भई कार्य गर्न ईच्छुक व्यक्तिहरुलाई आवेदनदिन १५ दिनको सुचनाजारी गरिनेछ<br>२ (क) उपदफा २ को सुचना बमोजिम आवेदन दिने आवेदकहरु मध्ये समितिले कम्तिमा तीनजना महिला सहित सातजना सदस्य रहेको मेलमिलाप कर्ताको सुची छनौट गर्नेछ । यसरी मेलमिलापकर्ता छनौट गर्दा मेलमिलाप सम्बन्धी तालिम प्राप्त, नगर भित्र सामाजिक कार्यमा क्रियाशिल व्यक्तिहरु, सेवानिवृत्त राष्ट्रसेवक, शिक्षक, प्राध्यापक, | |

| | | |
|---|---|---|
| | समाजसेवी बुद्धिजिवि लगायत सामाजिक सेवाको कामगर्न प्रतिबद्ध र तत्पर आवेदकहरुलाई प्राथमिकतादिनु पर्नेछ ।<br><br>(३) **वडा स्तरीय मेलमिलापकर्ताको छनौट** : वडा स्तरीय मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनौट गर्ने प्रयोजनार्थ वडा कार्यालयले वडा भित्र मेलमिलापकर्ता भई कार्य गर्न ईच्छुक व्यक्तिहरुलाई आवेदन दिन १५ दिनको सुचनाजारी गर्नेछ ।<br>३ (क) उपदफा ३ को सुचना बमोजिम आवेदन दिने आवेदकहरु मध्ये वडा समितिले कम्तिमा एक जनामहिला सहित तिनजना सदस्य रहने गरी मेलमिलापकर्ताको छनौट गर्नेछ । यसरी मेलमिलाप कर्ता छनौट | |

| | | |
|---|---|---|
| | गर्दा मेलमिलाप सम्बन्धी तालिम प्राप्त, स्थानीय समुदायमा सामाजिक कार्यमा क्रियाशिल व्यक्तिहरु, सेवानिवृत्त राष्ट्रसेवक, शिक्षक, प्राध्यापक, स्थानीय समाजसेवी वुद्धिजिवि लगायत सामाजिक सेवाको कामगर्न प्रतिबद्ध र तत्पर आवेदकहरुलाई प्राथमिकता दिनु पर्नेछ ।<br>(४) समिति र वडा समितिले छनौट गरेका मेलमिलापकर्ताको सुचीकार्यपालिका समक्ष पेश गरी अनुमोदन गराउनु पर्नेछ।<br>(५) उपदफा ४ बमोजिम सुची अनुमोदन भए पश्चात मान्यता प्राप्त संस्थाबाट तालिम प्रदान गरी समितिले सार्वजानिक जानकारीको लागी सुचीकृत मेलमिलापकर्ताको सुची | |

| | | |
|---|---|---|
| | प्रकासन गर्नु पर्नेछ । | |
| **७१.मेलमिलाप दस्तुरः** मेलमिलापमा जाने विवादको हकमा मेलमिलाप कर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्ने छैन। तर पक्षहरुको सहमतिमा मेलमिलाप कर्ताले पक्षहरुबाट बढीमा रु ५००। लिन पाउनेछ । | **७१.मेलमिलापकर्ताले पाउने सुविधाः** पक्षहरुबाट छनौट भएकाप्रत्येक मेलमिलापकर्तलाई मेलमिलाप सभामाबसीविवाद मेलमिलाप गराएवापत रु ५००।- दरले यातायात र खाजाखर्च स्वरुप नगर कार्यपालिकाबाट प्रदान गरिने छ । | दफामा स्पष्ट गर्न आवश्यक भएकोले |

**आज्ञाले**
**प्रदिप शाह**
**प्रमुख प्रशासकीय अधिकृत**